नेपाल सरकार
कृषि तथा पशुपंछी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, चौतारा, सिन्धुपाल्चोक

आ.व. ०८२/८३
चलानी नं. ३६

दोश्रो पटक सूचना प्रकाशित मितिः २०८२/०६/०७

**कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचनाको म्याद थप गरिएको वारे !**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुपाल्चोकको चालु आ.व. २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमको कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपंछी विकास मन्त्रालयबाट स्वीकृत "**कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२**" बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित २०८२/०६/०७ गते सम्म उपरोक्त कार्यविधिको अनुसूचि -२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि –३ अनुसारको ढाँचामा प्रस्ताव दर्ता गर्नको लागी सूचना प्रकाशन गरिएकोमा मिती २०८२।०५।२३ र २४ गतेको Gen-Z आन्दोलन र त्यसपछि जिल्लागत कर्फयु, निषेधाज्ञा एवं सार्वजनिक हडतालका कारण लक्षित वर्गहरुले तोकिएको म्यादभित्र प्रस्ताव दर्ता गर्न असमर्थ भएका हुँदा न्यून संख्यामा मात्र प्रस्तावहरु प्राप्त भएकोले सो कार्यक्रमको लागी आवेदन एवं प्रस्ताव दर्ता गर्ने म्याद मिती २०८२।०६।२४ गते सम्म थप गरिएको बेहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिलः

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | वार्षिक लक्ष्य | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|---|
| कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम | १६ देखि ४० बर्ष उमेर समूह भित्रका कृषक / कृषि उद्यमी | काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लाभरी | १५ | कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम यसै सूचना साथ रहेका वाली/बस्तु कृयाकलापहरु | स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कूल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैंया मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैङ्क खातामा भुक्तानी गरिनेछ। |

निबेदन साथ संलग्न हुनुपर्ने कागजातहरुः

१. कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा अनुसूचि-३ बमोजिमको प्रस्ताव (आवश्यकतानुसार थप गर्न सकिने)।
२. निवेदकको ब्यक्तिगत तथा तीनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकता/आधिकारिक परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि)
३. कार्यक्रम संचालनकालागि आवश्यक जग्गा सम्बन्धि कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडा/लिजमा लिएको भएमा जग्गाधनीसंग कम्तिमा ५ बर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तिमा १० वर्षकालागि गरिएको आधिकारीक सम्झौतापत्रको प्रतिलिपि)
४. उद्यम वा ब्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.ब.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि (म्याद थप समेत), कारोबार सम्बन्धी अन्य कागजातहरु।
५. भ्याट/स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
६. समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समूह/ सहकारी संस्थाको सिफारिस पत्र।

२०८२/०६/०७

सुरेन्द्र प्रसाद पोखरेल
वरिष्ठ कृषि अधिकृत

थप जानकारी चाहिएमाः

सम्पर्क नं : ०११-६२०१२५(सिन्धुपाल्चोक), ९८६०६४५६०१/९८४११०४५२२ (काभ्रे)
email : pmamp.piu.sindhupalchok@gmail.com
website : www.piusindhupalchowk.pmamp.gov.np
facebook page : राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, सिन्धुपाल्चोक

"कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२" साथै आवेदन र प्रस्ताव फारामको ढाँचा (अनुसूची-२ र ३ बमोजिम) माथि उल्लेखित कार्यालयको website बाट download गर्न सकिनेछ तथा बिस्तृत जानकारी चाहिएमा माथिको फोन नं. मा सम्पर्क गर्न सकिनेछ।

नेपाल सरकार
कृषि तथा पशुपंछी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, चौतारा, सिन्धुपाल्चोक

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यक्रम कार्यान्वयन एकाइ चौतारा, सिन्धुपाल्चोक

## उद्यमशिलता विकास कार्यक्रम संचालन गर्न सकिने वाली / बस्तुहरु

१. तरकारी व्यसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण,

२. तरकारीको बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण,

३. दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात,

४. च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण,

५. मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण,

६. अदुवा, बेसार र मसलाजन्य बालीको प्रशोधन तथा बजारीकरण,

७. मौरीपालन ब्यवसाय र मह प्रशोधन,

८. जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण,

९. प्राङ्गरिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण,

१०. वागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु कल्चर प्रविधिबाट बीउ र विरुवा उत्पादन गर्ने व्यवसाय,

११. फलफुल प्रशोधन र बजारीकरण,

१२. खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन,

१३. ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन, प्रशोधन र भण्डारण,

१४. साना तथा मझौला खालका कोल्ड च्याम्बर स्थापना तथा सञ्चालन,

१५. घाँसबाट हे (Hay) साइलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय,

१६. प्रांगारिक कृषि बस्तु निर्यात,

१७. व्यवसायिक पशुपन्छी, मत्स्यपालन, उत्पादन र प्रशोधन,

१८. जैविक विषादी, प्राङ्गरिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारीकरण।

२०८२।०६।०६
सुरेन्द्र प्रसाद पोखरेल
वरिष्ठ कृषि अधिकृत